# नेपाल विद्युत प्राधिकरण
# Nepal Electricity Authority

(नेपाल सरकारको स्वामित्व)
प्रशासन निर्देशनालय
पदपूर्ति विभाग

फोननं .०१-४१५३०४५
Ex. ३६०१, ३६०२, ३६०३, ३६०४
डाईरेक्ट०१-४१५३१९७
फ्याक्स०१-४१५३०४८
दरवारमार्ग, काठमाण्डौ।

प.सं. ०७८/७९ (प.पू.वि.) च.नं.

**मिति: २०७८।०५।२५**

**श्री सबै निर्देशनालय, बिभाग एवं अन्तर्गतका सबै कार्यालय तथा आयोजनाहरु ।**

**विषय:** विद्युतीय माध्यममार्फत खुला तथा बढुवाको आवेदन गर्ने बारे ।

नेपाल विद्युत प्राधिकरणले खुला तर्फ ३३० र बढुवा (जेष्ठता र कार्यसम्पादन मूल्यांकन, कार्यक्षमता मूल्यांकन एवं आन्तरिक प्रतियोगिता) तर्फ ८९८ गरि कुल १२२८ पदसंख्यामा पदपूर्ति गर्न मिति २०७८।०५।१८ गतेको गोरखापत्र र प्राधिकरणको वेबसाइटमा समेत सूचना प्रकाशित भएको ब्यहोरा अवगतै छ ।

नेपाल विद्युत प्राधिकरणका काम कार्बाहीहरुलाई क्रमशः विद्युतीय माध्यमबाट सम्पादन गर्ने गराउने नीति एवम् कोबिड-१९ संक्रमणको जोखिम समेतलाई दृष्टिगत गरी ***खुला*** तथा ***बढुवामा विद्युतीय माध्यमबाट मात्र*** आवेदन गर्न सकिने व्यवस्था गरिएको छ। विद्युतीय माध्यमबाट आवेदन गर्ने तरिका, प्रकृया, बिधि, ध्यान दिनुपर्ने कुराहरु, दस्तुर बुझाउने तरिका आदिको बिस्तृत जानकारी प्रकाशित सूचना एवं आवेदन फाराम भर्नु अघि प्रणालीमा देखिने सूचना समेतलाई अध्ययन मनन् गरी तदनुरुप तोकिएको योग्यता पुगेका इच्छुक उमेदवारहरुले तोकिएको समयावधि अगाबै आवेदन गर्नु हुन सूचित गरिन्छ । साथै आवेदन गर्न पाउने समयावधिको शुरुमा न्यून आवेदन पर्ने र अन्तिम तिर अत्यधिक आवेदन पर्ने गरेको बिगतको अभ्यासबाट देखिएकोले Online Application System मा कुनै प्राबिधिक समस्याभएमा आवेदन गर्न तोकिएको म्यादको अन्त्यतिर उमेदवारहरुलाई आवेदन गर्न कठिनाई हुन सक्ने भएकोले सबै उमेदवारलाई यथाशिघ्र आबेदन गर्न प्रोत्साहन गरिन्छ ।

प्राधिकरणको वेबसाइट www.nea.org.np मा रहेको Online Application मार्फत आवेदन गर्दा बिभिन्न कारणले प्राविधिक समस्या आईपरेमा निम्न वेबसाइटमा गै सोझै खुला तथा बढुवाका लागि आवेदन गर्न सकिने भएकोले तहाँ र मातहतका कार्यालयहरु लगायत सम्वद्ध सबैमा सो को जानकारी गराइ दिनुहुन समेत अनुरोध छ ।

**खुला प्रतियोगिताका लागि: neaopen.rigoerp.com**

**बढुवाका लागि: neapromotion.rigoerp.com**

**पुनश्च:** *पदपूर्ति सम्वन्धी सूचना, नतिजा प्रकाशन र सिफारिस सम्वन्धी सूचनाहरुको जानकारी प्राप्त गर्न प्राधिकरणको वेवसाईट www.nea.org.np मा Login गरी Update हुन समेत सम्वन्धित सबैमा सूचित गरिन्छ ।*